# स्थानीय राजपत्र

गजुरी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड २) गजुरी, धादिङ, २०७५ साल माघ २ गते (संख्या १७)


## भाग २

## गजुरी गाउँपालिकाको डोजर सञ्चालन तथा व्यवस्थापन गर्न बनेको निर्देशिका, २०७५

गजुरी गाउँपालिकाको स्वामित्वमा रहेको डोजर सञ्चालन प्रकृयालाई नियमित र व्यवस्थित गर्न वाञ्छनीय भएकोले गाउँपालिकाबाट स्वीकृत गरी यो निर्देशिका, २०७५ जारी गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

१.१ यो निर्देशिकाको नाम गजुरी गाउँपालिकाको डोजर सञ्चालन तथा व्यवस्थापन गर्न बनेको निर्देशिका, २०७५ रहेको छ।

१.२ यो निर्देशिका गाउँपालिकाले स्वीकृत गरेका मितिदेखि लागु हुनेछ।

२. **परिभाषा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो निर्देशिकामाः**

२.१ "गाउँपालिका" भन्नाले गजुरी गाउँपालिका धादिङलाई सम्झनुपर्दछ।

२.२ "डोजर" भन्नाले गाउँपालिकाको स्वामित्वमा रहेको वा भाडामा ल्याइएको सडक वा अन्य निर्माण कार्य सञ्चालन गर्न प्रयोग गरिने हेभि इक्वीपमेण्ट मेशिन सम्झनुपर्दछ।

२.३ "प्र. प्र. अ." भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजले डोजर व्यवस्थापनको कार्य गर्ने गरी अधिकार प्रत्यायोजन गरेको शाखा अधिकृत वा अन्य अधिकृत सम्झनुपर्दछ।

२.४ "उप-समिति" भन्नाले डोजर सञ्चालन तथा व्यवस्थापनको कार्य गर्ने गरी गाउँपालिकाद्वारा गठित उप-समितिलाई सम्झनु पर्दछ।

२.५ "सडक योजना" भन्नाले जिल्ला यातायात गूरु योजनामा परेका तथा गाउँपालिकाद्वारा स्वीकृत भएका सडक योजनाहरुलाई सम्झनु पर्दछ।

२.६ "अध्यक्ष" भन्नाले योजना सञ्चालन, मर्मत र रेखदेखको समेत कामकाज गर्ने गरी गठित उपभोक्ता समितिको अध्यक्षलाई सम्झनु पर्दछ।

२.७ "सम्झौता" भन्नाले योजना सञ्चालन गर्ने उपभोक्ता समितिको अध्यक्ष तथा गाउँपालिका वा यसै निर्देशिकाद्वारा तोकिएका अधिकारी बीच भएको डोजर सञ्चालन सम्बन्धी लिखित समझदारी पत्र सम्झनुपर्दछ।

२.८"निजि क्षेत्र" भन्नाले गाउँपालिकाको डोजर खरिद कार्यमा साझेदार नभएका सबै संघ, संस्था, कार्यालय तथा व्यक्ति समेतलाई जनाउँदछ।

२.९"कार्य दिन" भन्नाले सात घण्टाको समयलाई जनाउँदछ।

३. **डोजर सञ्चालन तथा व्यवस्थापन सम्बन्धी नीतिहरुः**

गाउँपालिकाको स्वामित्वमा रहेको डोजर गाउँपालिकाबासीको अमुल्य सम्पति हो तसर्थ यसलाई गाउँपालिकाबासीको हित, सुविधा र गाउँपालिकाको समग्र विकासका निमित्त उचित प्रयोग तथा दिगो व्यवस्थापन गर्न आवश्यक भएकोले डोजर सञ्चालन तथा व्यवस्थापन देहायका नीतिहरु अवलम्वन गरिनेछ।

३.१ डोजरको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि एक डोजर सञ्चालन तथा व्यवस्थापन उप-समिति गठन गरी डोजर सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्न जिम्मेवारी दिईनेछ।

३.२ उप समितिलाई सुम्पिएका काम, कर्तव्य र अधिकार बहन गर्नका लागि आवश्यक पर्ने स्रोत साधन संकलन तथा परिचालनको योजना बनाई

गाउँपालिकाबाट पारित गराई कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ।

३.३ डोजर सञ्चालन तथा व्यवस्थापनलाई गाउँपालिकाबाट पारित गराई कार्यान्वयनलाई चुस्त र दुरुस्त बनाई पारदर्शी रुपमा सञ्चालन गरिनेछ।

३.४ सकेसम्म गाउँपालिकाको विविध भौतिक निर्माण सुधारमा टेवा पुर्याईनेछ।

३.५ सडक संरचना निर्माण गर्दा वातावरणीय प्रभावलाई ध्यान दिईनेछ।

**४ डोजर सञ्चालन व्यवस्थापन उप-समिति सम्बन्धी व्यवस्थाः**

४.१. गाउँपालिकाको स्वामित्वमा रहेका डोजरको उचित व्यवस्थापन गरी माग भएका विभिन्न योजनाहरुमा डोजरको सञ्चालन गर्ने, डोजरको रेखदेख, मर्मत, सम्भार सम्बन्धी कार्यमा अनुगमन निरीक्षण गर्ने देहाय बमोजिमको एक उप- समिति गठन गरिनेछ।

४.१.१. गा.पा.ले तोकेको गाउँपालिका सदस्य - संयोजक

४.१.२. प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृतस्तरका कर्मचारी - सदस्य

४.१.४. गाउँ कार्यपालिका कार्यालयको इन्जिनियर - सदस्य

४.१.५. योजना शाखाको प्रमुख - सदस्य-सचिव

४.२. उप-समितिले आवश्यक ठानेमा डोजर अपरेटरलाई समेत छलफलमा सहभागी बनाउन सकिनेछ।

४.३. उप-समितिको काम, कर्तव्य र अधिकारः प्रचलित ऐन, नियमको परिधिभित्र रही उप-समितिलाई देहाय अनुसार काम, कर्तव्य र अधिकारहरु हुनेछन् -

४.३.१. डोजर परिचालन गरी निर्माण गरिने सडक योजनाहरुको सूची संकलन तथा प्राथमिकता तय गर्ने र सञ्चालनका लागि योजनाहरु छनौट गर्ने।

४.३.२. छनौट भएका योजनामा डोजर सञ्चालन गर्ने स्वीकृति दिने।

४.३.३. सम्झौताको अवधिभित्र तोकिए अनुसार कार्य भए/नभएको अनुगमन गर्ने, तोकिए अनुसार कार्य भए/ नभएको हेरी

कर्मचारीको कारणबाट नभएको पाइएमा कारबाहीका लागि गाउँपालिका समक्ष सिफारिस गर्ने, उपभोक्ता समितिको कारणबाट कार्य हुन नसकेको पाइएमा डोजर फिर्ता बोलाउने ।

४.३.४. योजना सञ्चालनमा डोजर परिचालन गर्दा सुरक्षा तथा जनपरिचालनको बारे अध्ययन गरेर मात्र पठाउने ।

४.३.५. गाउँपालिकाको आवधिक योजना, गाउँ यातायात गुरु योजना तथा गाउँद्वारा स्वीकृत योजनाहरुमा प्राथमिकता दिई डोजर सञ्चालन गराउने ।

४.३.६. समय समयमा डोजरको जाँच गरी/गराई मर्मत गर्नु पर्ने अवस्था देखिए तुरुन्त मर्मत गराई वर्षैभरि निर्वाध रुपमा डोजर सञ्चालन गर्न सकिने व्यवस्था मिलाउने ।

४.३.७. पटक पटक फेरबदल गर्नु पर्ने प्रकारका स्पेयर पार्टसहरु मौज्दातमा राख्ने व्यवस्था मिलाउने ।

४.३.८. डोजर सञ्चालन तथा व्यवस्थापन सम्बन्धी तत्काल आई पर्ने अन्य कार्यहरु गर्ने ।

**५. डोजरद्वारा योजना सञ्चालन गर्ने सम्बन्धी कार्यविधिः-**

५.१ गाउँपालिकाको स्वामित्वमा रहेको डोजरद्वारा योजना सञ्चालन गर्न चाहने योजनाको उपभोक्ता समितिको अध्यक्षले उपभोक्ता समितिको निर्णय सहित तोकिएको ढाँचामा गाउँपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

५.२ निवेदन साथ दरखास्त दस्तुर वापत रु. एक सय तथा कति समयका लागि डोजर माग गरेको हो त्यति समयका लागि गाउँपालिकाले तोकेको दर प्रति घण्टा रु. २३०० ले हुन आउने एक मुष्ट रकम गाउँपालिकाले तोकेको बैंकको खाता नं. चल्ति हि.नं. ........ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

५.३ यो निर्देशिका बमोजिम माग भएको योजनामा डोजर सञ्चालन गर्ने निर्णय भएमा सोको जानकारी सम्बन्धित अध्यक्ष मार्फत उपभोक्ता समितिलाई दिईनेछ ।

५.४ डोजर सञ्चालन गर्ने निर्णय भएपछि डोजरलाई सञ्चालन अवधिमा लाग्ने इन्धन वापतको एकमुष्ट रकम गाउँपालिकाबाटै

उपलब्ध गराइने छ ।

५.५ योजना सञ्चालन अवधिमा आवश्यक पर्ने मोविल, डोजर रहेको स्थानबाट योजना स्थल र योजना सम्पन्न भएपछि नजिकको राजमार्गसम्म जाने इन्धनको व्यवस्था सम्बन्धित गाउँपालिकाले नै गर्नु पर्नेछ ।

५.६ योजना सञ्चालनमा डोजर प्रयोग गर्न चाहने उपभोक्ता समितिले डोजरको सुरक्षा प्रत्याभूति (ग्यारेन्टि) पत्र गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

५.७ यो निर्देशिका बमोजिम निर्दिष्ट अपरेटर, हेल्पर समेतको ओभर टायम भत्ता समेत गाउँपालिकाले नै उपलब्ध गराउनु पर्नेछ ।

५.८ योजना स्थलमा डोजर पठाउनु अघि डोजर अप्रेटर सहितका प्राविधिकद्वारा साइटको अध्ययन गराउनु पर्नेछ । प्राविधिक दृष्टिले साइट उपयुक्त भए/नभएको विषयमा निजले पेश गरेको प्रतिवेदन तथा लगत इस्टिमेट समेतलाई आधार मानि डोजर सञ्चालनको स्वीकृति दिइनेछ ।

५.९ डोजरद्वारा निर्माण कार्य गर्ने उपभोक्ता समितिले कार्य सम्पन्न भएपछि प्राविधिकद्वारा कार्य सम्पन्न प्रतिवेदन तयार गरी गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

५.१०. डोजर सञ्चालन सम्बन्धी कार्यका लागि पिच सडकबाट डोजर ढुवानी गर्नु पर्ने भएमा सम्बन्धित उपभोक्ता समितिले नै ढुवानी खर्च व्यहोर्नु पर्नेछ ।

५.११. डोजर सञ्चालनको लागि लाग्ने दस्तुर तथा इन्धन खर्च (सञ्चालनकै क्रमको मोबिल तथा ग्रिज खर्च समेत) खर्च सम्बन्धित योजनाको लागि विनियोजित रकमबाट कट्टा हुने गरी खर्च गर्ने व्यवस्था मिलाउन सकिनेछ ।

५.१२. अवरुद्ध भएको सडक खोल्न वा गाउँपालिकाको निर्णयानुसार डोजर परिचालन गरी निर्माण सुधार कार्य गर्न आवश्यक भएमा गाउँपालिकाको उपस्थितिको प्रत्यक्ष रेखदेखमा डोजर परिचालन गर्न सकिनेछ । यस्तो कार्यको सिलसिलामा भएको खर्च गाउँपालिकाको उपस्थितिमा खटिएकाको सिफारिसमा गाउँपालिकाको निर्णय अनुसार व्यहोरिने छ ।

माथि जुनसुकै कुरा उल्लेख भएको भए तापनी यो निर्देशिका जारी हुनु अघि गाउँपालिका र सम्बन्धित उपभोक्ता समितिका बीच डोजर सञ्चालन गर्ने सम्झौता भैसकेकोमा सो स्थानमा डोजर सञ्चालन गर्न कुनै वाधा पर्ने छैन् ।

६. **डोजर सञ्चालन सम्बन्धी लगवुक राख्नु पर्नेः**

कुनै पनि योजनामा डोजर सञ्चालन गर्दा सो को लगवुक अनुसूची ३ बमोजिम राख्नु अपरेटरको कर्तव्य हुनेछ । लगवुक नराखि डोजर सञ्चालन गरेको पाइएमा उप-समितिले अपरेटरलाई आवश्यक कारवाहीका लागि गाउँपालिका समक्ष सिफारिस गर्न सक्नेछ ।

७. **निजी क्षेत्रले समेत डोजर प्रयोग गर्न पाउनेः**

गाउँपालिकाको स्वामित्वमा रहेको डोजर सञ्चालन गर्न चाहने निजी क्षेत्रका संघ संस्था वा व्यक्तिहरुले यो निर्देशिकाका तथा अन्य प्रकरणहरुका अधिनमा रहि प्रति घण्टा गाउँपालिकाले तोकोको रु. २३००।- का दरले रकम बुझाएपछि डोजर प्रयोग गर्न सक्नेछन् ।

८. **डोजर सञ्चालन वापत प्राप्त रकम अन्य कार्यमा खर्च गर्न नपाइनेः**

डोजर सञ्चालन गरे वापत यो निर्देशिका बमोजिम डोजर खातामा जम्मा हुन आएको रकम डोजर सञ्चालन व्यवस्थापन मर्मत, तथा डोजर सञ्चालनमा संलग्न डोजर अपरेटर, हेल्परको तलब भत्तामा बाहेक अन्य कार्यमा खर्च गर्न पाइने छैन् ।

९. **अपरेटर तथा हेल्परलाई ओवरटाइम भत्ता दिनुपर्नेः** यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि दफा १० बमोजिमको खातामा जम्मा भएको रकम गाउँपालिकाले सञ्चित कोषमा जम्मा गर्न वाधा पर्ने छैन् ।

अपरेटर तथा हेल्परलाई ओभरटाईम भत्ता प्रति घण्टाका दरले रु. ......... गाउँपालिकाबाट तोकिए बमोजिम उपलब्ध गराउने ।

१०. **खाता संचालनः**

डोजर सञ्चालन तथा व्यवस्थापन गर्न बैंकमा रहेको डोजर सञ्चालन खाता नं. ..................................... गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

११. **डोजर मर्मत सम्बन्धी व्यवस्थाः**

डोजर बिग्रिएर मर्मत गर्नुपर्ने अवस्था भएमा कुन कुन कुराको मर्मत सम्भार गर्नु पर्ने हो ! कुन कुन सामानहरु फेरबदल गर्नु पर्ने हो ? सो को विवरण सहित अपरेटरले प्रमुख उपसमितिमा पेश गर्नुपर्नेछ । यस्तो विवर०ा सिहत मर्मत

गर्नुपर्ने भए उपसमितिले प्र.प्र.अ प्रशासकीय अधिकृत समक्ष निवेदन दिनु पर्नेछ। अपरेटरको निवेदन प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले तत्काल उप-समितिको बैठक बोलाउन लगाई आवश्यक छलफल र उप- समितिको निर्णय बमोजिम सम्बन्धित प्राविधिकबाट लागत अनुमान तयार गराई गाउँपालिकाबाट निर्णय  गराई प्रचलित आर्थिक नियमावली बमोजिम मर्मत सम्भार गराउनु पर्नेछ।

**१२. अवाञ्छित प्रभाव पार्न नहुनेः-**

यो निर्देशिका  बमोजिम डोजरद्वारा योजना सञ्चालन गर्ने उपभोक्ता समितिको अध्यक्ष  लगायत सम्बद्ध पक्षले उप-समितिको निर्णयलाई स्वीकार गर्नुपर्नेछ ।विभिन्न योजनाहरुबाट  एकै पटक डोजरको माग भएकोमा यो निर्देशिका बमोजिम तोकिएको प्राथमिकता क्रम वा पहिले माग गर्ने योजनालाई प्रथम प्राथमिकता दिनेगरी भएको उप-समितिको निर्णयलाई कसैले अवाञ्छित प्रभाव पार्ने प्रयत्न गर्नु हुदैन। कुनै योजनाका सम्बद्ध पक्षले त्यस्तो अवाञ्छित प्रभाव पार्ने प्रयत्न गरेमा उप-समितिले त्यस्तो योजनामा डोजर नपठाउने गरी निर्णय समेत गर्न सक्नेछ।

**१३. अधिकार प्रत्यायोजनः-**

यो निर्देशिकाद्वारा उप-समितिलाई प्रदत्त अधिकार उप-समितिले प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ र प्रमुख प्रशासकीय अधिकृतलाई प्रदत्त अधिकार निजले तोकेको अधिकृतलाई प्रत्यायोजन गर्न समेत बाधा पुग्ने छैन् ।

**१४. निर्देशिकामा संशोधनः-**

यो निर्देशिकामा संशोधन गर्न आवश्यक भएमा उप-समितिको सिफारिसमा गाउँपालिकाले  गर्न सक्नेछ।

**१५. खारेजी र बचाउः-**

यो निर्देशिका जारी हुनु अघि डोजर सञ्चालन र व्यवस्थापन सम्बन्धी भए गरेका कामकुराहरु यसै निर्देशिका बमोजिम भए गरेका मानिने छन्। डोजर सञ्चालन र व्यवस्थापन सम्बन्धी गाउँपालिकाका पुराना निर्णयहरु यो निर्देशिका जारी भएपछि  स्वतः निस्क्रिय हुनेछन्।

## अनुसूची – १
## डोजर माग सम्बन्धी निवेदन पत्रको ढाँचा

श्रीमान् संयोजकज्यू
डोजर संचालक व्यवस्थापन उप-समिति
गाउँपालिकाको कार्यालय गजुरी, धादिङ ।

महोदय,

उपरोक्त विषयमा ................................... उपभोक्ता समितिको तर्फबाट यो निवेदन गर्दछु कि............................................योजनामा डोजरको प्रयोग गरी योजना सञ्चालन गर्ने ........................................................... उपभोक्ता समितिको मिति ............/....../...... को निर्णय बमोजिम......................... कार्य दिनका लागि लाग्ने भाडा रु. .................. तहाँको चल्ती हिसाव नं. .......... मा जम्मा गरी सो को सक्कल भौचर यसैसाथ पेश गरेको छु ।डोजर सञ्चालन अवधिमा लाग्ने डोजरको इन्धन, मोबिल, ग्रीज आदिको लागि आवश्यक पर्ने रु. ............. समेत उपरोक्त खातामा जम्मा गरेको सक्कल भौचर समेत यसैसाथ पेश गरेको छु । डोजर सञ्चालन व्यवस्थापन निर्देशिका, २०७५ द्वारा जारी गरिएका सम्पूर्ण प्रावधानलाई पूर्णतः पालन गर्ने/गराउनेछु । डोजर उपलब्ध गराई सहयोग गरी दिनु हुन अनुरोध गर्दछु ।

............................... गाउँपालिका वडा नं. ............ बस्ने ............................

........... समितिका तर्फबाट...............................................

समितिका .................................. श्री ........................................................

..........................................................................................

## अनुसूची – २

### डोजर सञ्चालन सम्भौता पत्रको ढाँचा

गाउँपालिका डोजर सञ्चालन व्यवस्थापन उप-समिति धादिङ र ............................ .... गाउँपालिकाको ........................................... उपभोक्ता समिति ................ ............... बीच डोजर सञ्चालन सम्बन्धी सम्झौता पत्र

1. वा यो सम्झौता पत्रमा डोजर सञ्चालन व्यवस्थापन उप-समितिलाई पहिलो पक्ष र उपभोक्ता समिति .......................... लाई दोस्रो पक्ष भनिनेछ ।
2. ............................. योजनामा मिति ............/..../..... गते ............. बजेदेखि मिति २०७..../....../...... गते ............बजेसम्म डोजर सञ्चालन गर्न गराउन दुवै पक्ष सहमति जनाउँदछौं ।
3. प्रकरण दुई अनुसार सञ्चालन भएको डोजरले गरेको कामको दैनिक अभिलेख, लगवुक अपरेटरको सहायतामा दोस्रो पक्षले गर्नु पर्नेछ ।
4. काममा खटिएको अवधिमा डोजर तथा डोजर व्यवस्थापनमा खटिने कर्मचारीको सुरक्षा दोस्रो पक्षले गर्नु पर्नेछ ।
5. दोस्रो पक्षले गलत व्यवस्थापनका कारण योजनास्थलमा डोजर काम बेगर बसेको पाइएमा त्यस्तो अवधिको डोजर भाडा समेत दोस्रो पक्षले पहिलो पक्षलाई भुक्तानी गर्नु पर्नेछ ।
6. डोजर प्रयोग गरी योजना सञ्चालन गर्दा प्राविधिक सहयोग, सुपरीवेक्षण तथा अनुगमनको कार्य पहिलो पक्षले गर्नेछ ।
7. डोजर सञ्चालन अवधिमा कुनै प्रकारको विवाद सिर्जना भई विवादको समाधान १ दिन भित्र हुन नसकि डोजर सञ्चालन रोकिएमा पहिलो पक्षले विवादको गम्भीरतालाई हेरी तत्काल डोजर फिर्ता बोलाएमा दोस्रो पक्षले वाधा विरोध गर्ने छैन् ।
8. डोजर सञ्चालन व्यवस्थापन निर्देशिका, २०७५ लाई दोस्रो पक्षले समेत पूर्ण रुपमा पालन गर्नेछ ।
9. डोजर सञ्चालन सम्बन्धमा पहिलो र दोस्रो पक्ष बीच विवाद सिर्जना भएमा दुवै पक्षलाई उपयुक्त हुने गरी निकासा निकाल्ने प्रयत्न गरिनेछ । त्यस्तो निकाय निस्कन नसकेमा पहिलो पक्षको निर्णयलाई दोस्रो पक्षले स्वीकार गर्नु पर्नेछ ।

दस्तखत............................ दस्तखत.............................

| | |
|---|---|
| नाम.................................. | नाम.................................. |
| पद.................................. | पद.................................. |
| मिति................................ | मिति.................................. |
| ......................................<br>उपभोक्ता समिति | डोजर सञ्चालन व्यवस्थापन उप-<br>समिति |

**अनुसूची - ३**

**गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**धादिङ**

**डोजर सञ्चालन व्यवस्थापन उप-समिति**

**डोजर प्रयोग सम्बन्धी लगवुक**

योजनाको नाम ...................................

योजना अध्यक्षको नाम .........................

वडा नं. ...........

सम्झौता मिति .............................

सम्झौता अवधिः .........../....../....... देखि .........../....../....... सम्म जम्मा ............ दिन

| क्र. स. | डोजर प्रयोग भएको मिति | समय | | | इन्धन तथा अन्य लुब्रिकेन्टस खपत विवरण | | | | | | सम्झौता अवधिमा डोजर प्रयोग हुन नसकेमा | | | अध्यक्ष तथा प्र.प्र. अ. को दस्तखत | | अपरेटरको दस्तखत | डोजरले यो योजनामा खनेको कुल लम्बाई वा परिणाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | समय | | | | | | | |
| | | देखि | सम्म | जम्मा कार्य समय | डिजेल | मोविल | ग्रिज | सि आयल | अन्य | प्रयोग हुन नसक्नुको कारण | देखि | सम्म | जम्मा घण्टा | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | |

आज्ञाले,
प्रमुख प्रशासकीय अधिकृत
गजुरी गाउँ कार्यापालिकाको कार्यालय
गजुरी, धादिङ